# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### मैजुहिटी काठमाडौं ।

## सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि पुन: प्रकाशित सूचना

(मिति २०७५/०१/२५)

यस नगरपालिकालाई चालु आ.व. ०७४/०७५ को स्वीकृत कार्यक्रम बमोजिम तपसिल बमोजिमका कार्य गराउनु पर्ने भएकोले नेपाल सरकारबाट फर्म दर्ता प्रमाणपत्र तथा मुल्य अभिबृद्धि कर समेतको स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्र र आ.व. ०७३/०७४ सम्मको कर चुक्ता प्रमाणपत्र प्राप्त इच्छुक नेपाली निर्माण ब्यवसायीहरुबाट उल्लेखित सर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आहवान गरिन्छ ।

१. यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म कार्यालय समयमा रु १०००/- रकम बुझाई (फिर्ता नहुने गरी) चालु आ.व.सम्म नबिकरण भएको इजाजतपत्र, फर्म दर्ता प्रमाणपत्र, आयकर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.व.०७३/०७४ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी निवेदन दिई सिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ । यस कार्यालयमा रकम दरभाउपत्र खरिद गर्दा रसिदमा अनिवार्य रुपमा ठेक्का नं र फर्मको नाम उल्लेख गर्नुपर्नेछ ।

२. प्रत्येक कार्यको लागी खरिद गरेको दरभाउपत्र सिलबन्दी गरी खामको बाहिरी भागमा कामको बिवरण, ठेक्का नम्वर, फर्मको नाम र ठेगाना स्पष्ट खुलाई कार्यालयलाई संवोधन गरी १६ औं दिन, दिनको १२ बजे भित्र यस नगर कार्यपालिकाको कार्यालय मैजुहिटी, काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका सिलबन्दी दरभाउपत्र सोही दिनको २.०० बजे दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरुको रोहवरमा यस नगर कार्यपालिकाको कार्यालय मैजुहिटी काठमाडौंमा खोलिने छ । निजहरुको उपस्थिति नभएमा पनि खोल्न बाधा पर्ने छैन ।

३. सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही प्रयोजनका लागी मान्यता दिईने छ ।

४. सिलबन्दी दरभाउपत्र साथ जमानत बापत तपशिलमा उल्लेखित धरौटी रकम यस कार्यालयको NIC ASIA Bank महाराजगंजमा रहेको धरौती खाता नं. 13-CA-502551524001 मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकहरुबाट यस नगरपालिकाको नाममा जारी भएको सक्कल विडबन्ड (बैंक ग्यारेन्टी) सिलबन्दी दरभाउपत्र खोलेको मितिबाट गणना हुने गरी कम्तिमा ७५ दिनको मान्य अवधि रहेको पेश गर्नु पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्रमा प्रत्येक परीमाणको दररेट भ्याट बाहेक अंक अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बिच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा सिलबन्दी दरभाउपत्रदाताको स्पष्टसँग सहिछाप भएको हुनुपर्नेछ ।

६. एक फर्मको नामबाट खरिद भएको सिलबन्दी दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाइने छैन ।

७. सिलबन्दी दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण कार्यको सम्बन्धमा राम्ररी बुझी निरिक्षण गरी दरभाउपत्र भरेको मानिने छ ।

८. कारण जनाई वा नजनाई स्वीकृत गर्ने, आंशिक गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामामा निहित हुनेछ ।

९. निर्माण सम्बन्धि अन्य आवश्यक कुराहरु बुझ्न यस नगरपालिकामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१०. यस सम्बन्धि अन्य कुराहरु सार्वजनिक खरिद ऐन/नियमावली तथा प्रचलित कानून बमोजिम हुनेछ ।

तपसिल

| S.No. | Contract ID | Description | Estimated cost (without VAT) | Bid Bond | Form Fee | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 03-2074-075 | Water Supply ward number 08 | 838668.00 | 20967.00 | 1000 | sealed quotation |
| 2. | 04-2074-075 | Water Supply ward number 05 | 504003.78 | 12601.00 | 1000 | sealed quotation |

प्रमुख प्रशासकीय अधिकृत